**“ मीठे बच्चे– तिमीलाई को पढाउन आउनुभएको छ , यसमा विचार गर्यौ भने खुसीमा रोमाञ्च खडा हुनेछ , उच्च भन्दा उच्च बाबाले पढाउनुहुन्छ , यस्तो पढाइ कहिल्यै छोड्नुहुँदैन।”**

प्रश्नः– अहिले तिमी बच्चाहरूलाई कुन निश्चय भएको छ? निश्चयबुद्धिको निसानी के हुन्छ?

उत्तरः– तिमीलाई निश्चय भएको छ– हामीले अहिले यस्तो पढाइ पढिरहेका छौँ, जसबाट डबल सिरताज राजाहरूको राजा बन्नेछौँ। स्वयं भगवानले पढाएर हामीलाई विश्वको मालिक बनाइरहनुभएको छ। अहिले हामी उहाँको बच्चा बनेका छौँ त्यसैले फेरि यो पढाइमा लाग्नुपर्छ। जस्तै साना बच्चाहरू आफ्नो आमा-बुबा बाहेक अरू कसैसँग पनि जाँदैनन्। यस्तो बेहदका बाबा मिल्नुभएको छ त्यसैले अरू कसैलाई पनि मन पराउनु छैन। उहाँ एकको मात्र याद रहोस्।

गीतः– कौन आया आज सवेरे-सवेरे...

ओम् शान्ति। मीठा-प्यारा बच्चाहरूले गीत सुन्यौ– को आउनु भएको छ र कसले पढाउनुहुन्छ? यो बुझ्नुपर्ने कुरा हो। कोही धेरै बुद्धिमान हुन्छन्, कोही कम बुद्धिमान हुन्छन्। जो धेरै पढेलेखेको हुन्छ, उसलाई धेरै बुद्धिमान भनिन्छ। शास्त्र आदि जति पनि पढेलेखेका हुन्छन्, उनीहरूको मान हुन्छ। थोरै पढेकोलाई कम मान मिल्छ। अब गीतका शब्द सुन्यौ– को आउनुभयो पढाउन! शिक्षक आउँछन् नि। स्कुलमा पढ्नेलाई थाहा हुन्छ– शिक्षक आउनुभयो। यहाँ को आउनु भएको छ? एकदम रोमाञ्च खडा हुनुपर्छ। उच्चभन्दा उच्च बाबा फेरि पढाउन आउनुभएको छ। बुझ्नुपर्ने कुरा हो नि! तकदिरको पनि कुरा हो। पढाउने को हुनुहुन्छ? भगवान। उहाँ आएर पढाउनुहुन्छ। विवेकले भन्छ– हुन त कसैले जतिसुकै ठुलोभन्दा ठुलो पढाइ पढेको होस्, तैपनि तुरुन्तै त्यो पढाइ छोडेर आएर भगवानसँग पढोस्। एक सेकेन्डमा सबै कुरा छोडेर बाबाको पासमा पढ्न आओस्।

बाबाले सम्झाउनुभएको छ– अहिले तिमी पुरुषोत्तम सङ्गमयुगी बनेका छौ। उत्तमभन्दा उत्तम पुरुष हुन् यी लक्ष्मी-नारायण। दुनियाँमा कसैलाई पनि थाहा छैन– कुन शिक्षाबाट यिनीहरूले यो पद पाए। तिमीले पढ्छौ– यो पद पाउनको लागि। कसले पढाउनुहुन्छ? भगवानले। त्यसैले अरू सबै पढाइ छोडेर यो पढाइमा लाग्नुपर्छ किनकि बाबा आउनुहुन्छ नै कल्पपछि। बाबा भन्नुहुन्छ– म हर ५ हजार वर्षपछि आउँछु सम्मुख पढाउन। आश्चर्य छ नि। भनिन्छ पनि– भगवानले हामीलाई पढाउनुहुन्छ, यो पद प्राप्त गराउन। फेरि पनि पढ्दैनन्। त्यसैले बाबाले भन्नुहुन्छ नि– यो समझदार छैन। बाबाको पढाइमा पनि पूरा ध्यान दिँदैनन्। बाबालाई भुल्छन्। तिमीले भन्छौ– बाबा, हामीले भुल्छौँ। शिक्षकलाई पनि भुल्छौँ। यी हुन् मायाका तुफान। तर पढाइ त पढ्नुपर्छ नि। विवेकले भन्छ– भगवानले पढाउनुहुन्छ भने त्यो पढाइमा एकदम लाग्नुपर्छ। साना बच्चाहरूले नै पढ्नुपर्छ। आत्मा त सबैको हो। बाँकी शरीर सानो-ठुलो हुन्छ। आत्माले भन्छ– म हजुरको सानो बच्चा बनेको छु। अच्छा, मेरो बन्यौ भने अब पढ। दुधे बालक त होइनौ। पढाइ फस्ट। यसमा धेरै ध्यान दिनुछ। विद्यार्थीहरू फेरि आउँछन् यहाँ सर्वोच्च शिक्षकको पासमा। ती पढाउने शिक्षकहरू पनि नियुक्त छन्। तैपनि सर्वोच्च शिक्षक त हुनुहुन्छ नि। ७ दिन भट्टी पनि गायन गरिएको छ। बाबा भन्नुहुन्छ– पवित्र होऊ र मलाई याद गर। दैवीगुण धारण गर्यौ भने तिमी यो बन्नेछौ। बेहदका बाबालाई याद गर्नुपर्छ। सानो बच्चालाई आमा-बुबा बाहेक अरूले लिए भने उनीहरूसँग जाँदैनन्। तिमी पनि बेहदका बाबाका बनेका छौ भने जोसुकै होस् अरू कसैलाई पनि देख्न मन लाग्दैन। तिमीलाई थाहा छ– हामी उच्चभन्दा उच्च बाबाका बच्चा हौँ। उहाँले हामीलाई डबल सिरताज राजाहरूको राजा बनाउनुहुन्छ। लाइटको ताज मनमनाभव र रत्नजडित ताज मध्याजीभव। निश्चय हुन्छ– हामी यो पढाइबाट विश्वको मालिक बन्छौँ, ५ हजार वर्षपछि इतिहास रिपीट हुन्छ नि। तिमीलाई राज्य भाग्य मिल्छ। बाँकी सबै आत्माहरू शान्तिधाम आफ्नो घर जान्छन्। अहिले तिमी बच्चाहरूलाई थाहा भएको छ– वास्तवमा हामी आत्माहरू बाबासँग आफ्नो घरमा रहन्छौँ। बाबाको बनेपछि अहिले तिमी स्वर्गको मालिक बन्छौ, फेरि बाबालाई भुलेर टुहुरा बन्छौ। भारतवर्ष यस समयमा टुहुरो छ। टुहुरो त्यसलाई भनिन्छ जसका आमा-बुबा हुँदैनन्। धक्का खाइरहन्छन्। तिमीलाई त अब बाबा मिल्नु भएको छ, तिमीले सारा सृष्टि चक्रलाई जान्दछौ त्यसैले खुसीले गद्गद् हुनुपर्छ। हामी बेहदका बाबाका बच्चा हौँ। परमपिता परमात्माले प्रजापिता ब्रह्माद्वारा ब्राह्मणहरूको नयाँ सृष्टि रच्नुहुन्छ। यो त धेरै सहजै बुझ्नुपर्ने कुरा हो। तिम्रो चित्र पनि छ, विराट रूपको चित्र पनि बनाइएको छ। ८४ जन्मको कहानी देखाइएको छ। हामी सो देवता

फेरि क्षत्रिय, वैश्य, शूद्र बन्छौँ। यो कुनै पनि मनुष्यले जान्दैनन् किनकि ब्राह्मण र ब्राह्मणहरूलाई पढाउने बाबा, दुवैको नामनिसान गुम गरिदिएका छन्। अङ्ग्रेजीमा पनि तिमीहरूले राम्रोसँग सम्झाउन सक्छौ। जसले अङ्ग्रेजी जान्दछन्, उनीहरूले अनुवाद गरेर फेरि सम्झाउनुपर्छ। पिता नलेजफुल हुनुहुन्छ, उहाँलाई नै यो ज्ञान छ– सृष्टिको चक्र कसरी घुम्छ। यो हो पढाइ। योगलाई पनि बाबाको याद भनिन्छ, जसलाई अङ्ग्रेजीमा कम्युनियन भनिन्छ। बाबासँग कम्युनियन, शिक्षकसँग कम्युनियन, गुरुसँग कम्युनियन। यो हो परमात्मा पितासँग कम्युनियन। स्वयं बाबा भन्नुहुन्छ– मलाई याद गर र अरू कुनै पनि देहधारीलाई याद नगर। मनुष्यले गुरु आदि बनाउँछन्, शास्त्र पढ्छन्। लक्ष्य-उद्देश्य केही पनि हुँदैन। सद्गति त हुँदैन। बाबाले त भन्नुहुन्छ– म आएको छु सबैलाई फर्काएर लैजान। अहिले तिमीले बाबासँग बुद्धिको योग राख्छौ, तब गएर तिमी त्यहाँ पुग्नेछौ। राम्रोसँग याद गर्नाले विश्वको मालिक बन्नेछौ। यी लक्ष्मी-नारायण प्याराडाइज स्वर्गका मालिक थिए नि। यो कसले सम्झाउनुहुन्छ। बाबालाई भनिन्छ नलेजफुल। मनुष्यले फेरि भनिदिन्छन्– अन्त्यर्यामी। वास्तवमा अन्त्यर्यामी शब्द नै छैन। भित्र रहने, निवास गर्ने त आत्मा हो। आत्माले जुन काम गर्छ, त्यो त सबैलाई थाहा छ। सबै मनुष्य अन्त्यर्यामी हुन्। आत्माले नै सिक्छ। बाबाले तिमी बच्चाहरूलाई आत्म अभिमानी बनाउनुहुन्छ। तिमी आत्मा हौ, मुलवतन निवासी। तिमी आत्मा कति साना छौ। अनेक पटक तिमी आएका छौ पार्ट खेल्न। बाबा भन्नुहुन्छ– म बिन्दु हुँ। मेरो पूजा त गर्न सक्दैनौ। किन गर्ने, आवश्यकता नै छैन। म तिमी आत्माहरूलाई पढाउन आउँछु। तिमीलाई नै राज्य भाग्य दिन्छु, फेरि रावण राज्यमा गएपछि मलाई नै भुल्छौ। पहिला सुरुमा आत्मा आउँछ पार्ट खेल्न। मनुष्यले भन्छन्– ८४ लाख जन्म लिन्छन्। तर बाबा भन्नुहुन्छ– बढीमा हुन्छन् नै ८४ जन्म। विदेशमा गएर यी कुरा सुनायौ भने उनीहरूलाई भन्नेछन्– यो ज्ञान त तपाईं यहीँ बसेर हामीलाई पढाउनुहोस्। तपाईलाई त्यहाँ १००० रुपियाँ मिल्छ, हामी तपाईलाई १०-२० हजार रुपियाँ दिन्छौँ। हामीलाई पनि ज्ञान सुनाउनुहोस्। परमात्मा पिताले हामी आत्माहरूलाई पढाउनुहुन्छ। आत्मा नै जज आदि बन्छ। बाँकी मनुष्य त सबै देह अभिमानी छन्। कसैलाई पनि ज्ञान छैन। हुन त ठुला ठुला दार्शनिक आदि धेरै छन्, तर यो ज्ञान कसैलाई पनि छैन। परमात्मा पिता निराकारले पढाउन आउनुहुन्छ। हामीले उहाँसँग पढ्छौँ, यी कुरा सुनेर चकित हुनेछन्। यी कुरा त कहिल्यै सुने-पढेका छैनौँ। एक बाबालाई नै भन्छौ– लिबरेटर, गाइड, उहाँ नै लिबरेटर हुनुहुन्छ भने फेरि क्राइस्टलाई किन याद गर्छौ? यी कुरा राम्रोसँग सम्झायौ भने उनीहरू चकित हुनेछन्। भन्नेछन्– यो कुरा हामीले सुनौँ त सही। प्याराडाइजको स्थापना भइरहेको छ, त्यसको लागि यो महाभारत लडाइँ पनि हुन्छ। बाबा भन्नुहुन्छ– मैले तिमीलाई राजाहरूको राजा डबल सिरताज बनाउँछु। त्यहाँ पवित्रता, शान्ति, समृद्धि सबै थियो। विचार गर, कति वर्ष भयो? क्राइस्टभन्दा ३ हजार वर्ष पहिला यिनीहरूको राज्य थियो नि। भन्नेछन्– यो त आध्यात्मिक ज्ञान हो। यो त सिधै उहाँ सर्वोच्च पिताको बच्चा हो, उहाँसँग राजयोग सिकिरहेको छ। विश्वको इतिहास-भूगोल कसरी रिपीट हुन्छ, यही सारा ज्ञान हो। हाम्रो आत्मामा ८४ जन्मको पार्ट भरिएको छ। यो योगको तागतले आत्मा सतोप्रधान बनेर सत्ययुगमा जानेछ, फेरि त्यसको लागि राज्य चाहिन्छ। पुरानो दुनियाँको विनाश पनि हुनुपर्छ। सो सामुन्ने खडा छ, फेरि एक धर्मको राज्य हुनेछ। यो पाप आत्माहरूको दुनियाँ हो नि। अहिले तिमी पावन बनिरहेका छौ, भन– यो यादको बलले हामी पवित्र बन्छौँ र सबैको विनाश हुनेछ। प्राकृतिक प्रकोपहरू पनि आउनेछन्। हामीले अनुभूति (रियलाइज) गरेका छौँ र दिव्य दृष्टिले देखेका छौँ। यो सबै खतम हुनुछ। बाबा आउनुभएको छ दैवी विश्व स्थापना गर्न। यो कुरा सुनेर भन्नेछन्– ओहो! यी त परमात्मा पिताका बच्चा हुन्। तिमी बच्चाहरूलाई थाहा छ– यो लडाइँ हुनेछ, प्राकृतिक प्रकोपहरू हुनेछन्। त्यतिबेला के हालत होला? यी ठुला ठुला भवन आदि सबै ढल्न थाल्नेछन्। तिमीलाई थाहा छ– यी बम आदि ५ हजार वर्ष पहिला पनि बनाएका थिए आफ्नै विनाशको लागि। अहिले पनि बम तयार छन्। योगबल के चीज हो, जसबाट तिमीले विश्वमाथि विजय पाउँछौ, अरू मानिसहरूले कहाँ जान्दछन् र! भन, विज्ञानले तिम्रो नै विनाश गर्छ। हाम्रो बाबासँग योग छ त्यसैले त्यो शान्तिको बलले हामी विश्वमाथि विजय पाएर सतोप्रधान बन्छौँ। बाबा नै पतित-पावन हुनुहुन्छ। पावन दुनियाँ अवश्य स्थापना गरेरै छोड्नुहुनेछ। ड्रामा अनुसार निश्चित छ। जुन बमहरू बनाएका छन्, तिनी त्यसै राख्नेछन् र! यस्ता प्रकारले सम्झायौ भने बुझ्नेछन्– यो त कुनै अथोरिटी (अधिकारी) हो, यिनमा गडले आएर प्रवेश गर्नुभएको छ। यो पनि ड्रामामा निश्चित छ। यस्ता यस्ता कुरा बताइरह्यौ भने उनीहरू खुसी हुनेछन्। आत्मामा कसरी पार्ट हुन्छ, यो पनि अनादि बनिबनाउ ड्रामा हो। फेरि आफ्नो समयमा क्राइस्ट आएर तिम्रो धर्म स्थापना गर्नेछन्। यस्तो अथोरिटीले भन्यौ भने उनीहरूले बुझ्नेछन्– बाबा बसेर सबै बच्चाहरूलाई सम्झाउनुहुन्छ। त्यसैले यो पढाइमा बच्चाहरू लाग्नुपर्छ। बाबा, शिक्षक, गुरु तीनै एउटै हुनुहुन्छ। उहाँले कसरी ज्ञान दिनुहुन्छ, यो पनि तिमीले बुझेका छौ। सबैलाई पवित्र बनाएर लैजानुहुन्छ। दैवी वंश थियौ भने

पवित्र थिए। भगवान भगवती (गड-गडेज) थिए। कुरा गर्नमा धेरै होसियार होऊ, बोलीको गति पनि ठिक्क राम्रो होस्। भन– बाँकी सबै आत्माहरू स्वीट होममा निवास गर्छन्। बाबाले नै लैजानुहुन्छ, सर्वको सद्गतिदाता उहाँ बाबा हुनुहुन्छ। उहाँको जन्मस्थान भारतवर्ष हो। यो कति ठुलो तीर्थ भयो।

तिमीलाई थाहा छ– सबै तमोप्रधान बन्नु नै छ। पुनर्जन्म सबैले लिनुछ, फर्केर कोही पनि जान सक्दैनन्। यस्ता यस्ता कुरा सम्झाउनाले धेरै आश्चर्य मान्नेछन्। बाबा त भन्नुहुन्छ– युगल जोडी भयौ भने धेरै राम्रो सम्झाउन सक्छौ। भारतवर्षमा पहिला पवित्रता थियो। फेरि अपवित्र कसरी हुन्छन्। यो पनि बताउन सक्छौ। पूज्य नै पुजारी बन्छन्। अपवित्र बनेपछि फेरि आफ्नै पूजा गर्न लाग्छन्। राजाहरूको घरमा पनि यी देवताहरूको चित्र हुन्छ, जो पवित्र डबल सिरताज थिए, उनीहरूलाई ताज बिनाका अपवित्रले पुज्छन्। उनीहरू भए पुजारी राजाहरू। उनीहरूलाई त देवी देवता भनिँदैन किनकि यी देवताहरूको पूजा गर्छन्। आफै पूज्य, आफै पुजारी, पतित बन्छन् अनि रावण राज्य सुरु हुन्छ। यस समयमा रावण राज्य छ। यसरी नै बसेर सम्झायौ भने कति मजा गरेर देखाउनेछौ। गाडीका दुई पाङ्ग्रा युगल जोडी भए भने धेरै आश्चर्य गरेर देखाउँछौ। हामी युगल जोडी नै फेरि सो पूज्य बन्नेछौँ। हामी पवित्रता, शान्ति, समृद्धिको वर्सा लिइरहेका छौँ। तिम्रा चित्र पनि निस्किरहन्छ। यो ईश्वरीय परिवार हो। बाबाका बच्चा छन्, नाति र नातिनीहरू छन्, बस् अरू कुनै सम्बन्ध छैन। नयाँ सृष्टि यसलाई भनिन्छ, फेरि देवी-देवता त थोरै बन्नेछन्। फेरि बिस्तारै बिस्तारै वृद्धि हुन्छ। यो ज्ञान कति बुझ्नुपर्ने छ। यी बाबा पनि कामधन्दामा नवाफ जस्तै थिए। कुनै कुराको परवाह हुँदैनथ्यो। जब देखे– यो त बाबाले पढाउनुहुन्छ, विनाश सामुन्ने खडा छ, तब तुरुन्तै छोडिदिए। यो अवश्य बुझे– हामीलाई बादसाही मिल्छ भने फेरि गदाई के गर्ने। त्यसैले तिमीले पनि बुझ्छौ– भगवानले पढाउनुहुन्छ, यो त पूरा रीतिले पढ्नुपर्छ नि। उहाँको मतमा चल्नुपर्छ। बाबा भन्नुहुन्छ– आफूलाई आत्मा सम्झेर बाबालाई याद गर। बाबालाई तिमीले भुल्छौ, लाज लाग्दैन, त्यो नशा चढ्दैन। यहाँबाट धेरै राम्ररी रिफ्रेस भएर जान्छौ, फेरि त्यहाँ सोडावाटर हुन्छौ। अब तिमी बच्चाहरूले पुरुषार्थ गर्छौ– गाउँ गाउँमा सेवा गर्ने। बाबा भन्नुहुन्छ– पहिला सुरुमा यो त बताऊ– आत्माहरूको पिता को हुनुहुन्छ। भगवान त निराकार नै हुनुहुन्छ। उहाँले नै यो पतित दुनियाँलाई पावन बनाउनुहुनेछ। अच्छा!

मीठे-मीठे सिकिलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) स्वयं भगवान परम शिक्षक बनेर पढाइरहनुभएको छ, त्यसैले राम्रोसँग पढ्नुछ, उहाँको मतमा चल्नुछ।

२) बाबासँग यस्तो योग राख्नुछ, जसबाट शान्तिको बल जम्मा हुन्छ। शान्ति बलले विश्वमाथि विजय पाउनुछ, पतितबाट पावन बन्नुछ।

**वरदान:–** समय र सङ्कल्पहरूलाई सेवामा अर्पण गर्ने विधाता , वरदाता भव

अहिले स्वको ससाना कुराहरूको पछाडि, तनको पछाडि, मनको पछाडि, साधनहरूको पछाडि, सम्बन्ध निभाउनुको पछाडि समय र सङ्कल्प लगाउनुको सट्टा यसलाई सेवामा अर्पण गर, यो समर्पण समारोह मनाऊ। श्वास श्वास सेवाको लगन होस्, सेवामा मग्न होऊ। तब सेवामा लाग्नाले स्वउन्नतिको गिफ्ट स्वतः प्राप्त हुनेछ। विश्व कल्याणमा स्व कल्याण समाहित भएको छ, त्यसैले निरन्तर महादानी, विधाता र वरदाता बन।

स्लोगनः– आफ्ना इच्छाहरूलाई घटाइदियौ भने समस्याहरू घट्नेछन्।

अव्यक्त इशारा:– सहजयोगी बन्नुछ भने परमात्म प्यारको अनुभवी बन।

जसरी लौकिक रीतिले कोही कसैको स्नेहमा लवलीन भयो भने अनुहारबाट, नयनबाट, वाणीबाट अनुभव हुन्छ– यो लवलीन छ, आशिक छ, त्यसैगरी जुन समयमा स्टेजमा आउँछौ, त्यतिबेला जति आफूभित्र बाबाको स्नेह इमर्ज हुनेछ, त्यति स्नेहको बाणले अरूलाई पनि स्नेहमा घायल बनाइदिनेछ।